# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १७ गते, २०८३ साल (अतिरिक्ताङ्क १६

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८३ सालको ऐन नं. ०१

### प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना :** प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ :-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१
(दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १. | दलित | १३.४४ |
| २. | आदिवासी जनजाति | २८.७२ |
| ३. | खस आर्य | ३०.२८ |
| ४. | मधेशी | १६.१५ |
| ५. | थारु | ६.५२ |
| ६. | मुस्लिम | ४.८९ |

"

३. **<u>खारेजी र बचाउ</u> :** (१) प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८३।०२।१७

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।